मिति २०७९।०९।२८ र २९ गते राष्ट्रिय किसान आयोगको आयोजनामा **किसानहरुको कल्याणकारी योजना तर्जुमा** सम्बन्धी छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग, विभिन्न आयोजना, कृषि विज्ञज्यूहरु, विभिन्न किसान संघ/संगठनका प्रमुख एवं प्रतिनिधिहरु, किसान प्रतिनिधिहरु, पत्रकार एवं कर्मचारीहरुको सहभागिता रहेको थियो। छलफल तथा अन्तरक्रिया कार्यक्रममा चार वटा कार्यपत्र प्रस्तुत भएको थियो । कार्यपत्रमा राष्ट्रिय किसान आयोगका अध्यक्ष, डा. प्रेम प्रसाद दंगालज्यूबाट **"किसान अधिकारी र कल्याणकारी योजना"** सम्बन्धी, कृषि विभागका उप-महानिर्देशक, डा. हरि बहादुर के.सीज्यूबाट **"किसानको सामाजिक सुरक्षाका लागि भएका नीतिगत प्रयासहरुको कार्यान्वयन अवस्था, समस्या/चुनौती र समाधानका उपायहरु"** सम्बन्धी, बजार एवं मूल्य श्रृखला विज्ञ, डा. राज कुमार अधिकारीज्यूबाट, **"कृषि उत्पादनको किसानले उचित मूल्य प्राप्त गर्न मूल्य श्रृखलाको भूमिका एवं बजारीकरणमा गरिनु पर्ने आवश्यक ब्यवस्था तथा कार्यक्रमहरु"** सम्बन्धी र कृषि विज्ञ, डा. देवेन्द्र गौचनज्यूबाट, **"अन्तराष्ट्रिय सन्धि/सम्झौतामा किसान कल्याणकारी योजना र नेपालमा तिनीहरुको कार्यान्वयन अवस्था"** सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भयो भने विभिन्न संघ/संगठनका प्रतिनिधिज्यूहरुबाट कार्यपत्रमा प्रस्तुत भएको विषयमा बिभिन्न जिज्ञासा एवं सुझाव राख्नु भयो र विज्ञहरुबाट उक्त जिज्ञासाहरुलाई थप स्पष्ट पार्नु भएको थियो ।




किसानहरुको कल्याणकारी योजना तर्जुमाको लागि
छलफल तथा अन्तक्रिया कार्यक्रममा
सदस्य सचिव
सदस्य




सदस्य
सदस्य






किसानहरुको कल्याणकारी योजना
तर्जुमाको लागि
सदस्य सचिव








सदस्य



